नेपाल सरकार
गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

(प्रबन्ध महाशाखा, हलचोक, काठमाण्डौ)

राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं.APF/NCB/R/01/2083/084

**सूचना प्रकाशन मिति: २०८३/०६/२२ गते**

१. स.प्र.बल, नेपाल प्रधान कार्यालय, पशु स्वास्थ्य तथा डग हैण्डलर उपशाखा, बलम्बुमा कार्यरत डग संख्या ३० (तीस) को निमित्त २०८३ साल माघ १ गते देखि २०८४ साल पौष मसान्तसम्म बर्ष १ (एक) को लागि डग राशन सामग्रीहरु राष्ट्रियस्तरको सिलबन्दी बोलपत्रको माध्यमबाट एक खाम प्रणाली अवलम्बन गरी आपूर्ति व्यवस्था गर्नुपर्ने भएकोले राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धित निकायबाट ईजाजत प्राप्त ईच्छुक नेपाली बोलपत्रदाताहरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

२. खरिद गरिने डग राशन सामाग्रीहरुको किसिम तथा परिमाण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

३. बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु.३,०००।- फिर्ता नहुने गरी यस कार्यालयको कोड नं.३१४०५३५०७, राजश्व खाता नं.१०००१००२०००१००००, राजश्व शिर्षक नं. १४२२९ मा नगदै जम्मा गरेको बैंक भौचरको पेश गरे पश्चात सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय, प्रबन्ध महाशाखा, हलचोक र कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौरबाट खरिद गर्न सकिने छ ।

५. Pre Bid Meeting मिति २०८३/०६/३० गते १३:०० बजे यस कार्यालयमा राखिएको छ ।

६. बोलपत्रसाथ को.ले.नि.का, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाण्डौ स्थित धरौटी खाता नं.११०००१०२०३०००० यस कार्यालयको कोड नं. ३१४०५३५०७ मा रु.१,५५,०००।- नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा बित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।

७. बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति २०८३/०७/१६ गते कार्यालय समय सम्म राखिएको छ ।

८. बोलपत्र फाराम दाखिला गर्ने अन्तिम मिति २०८३/०७/१७ गते १२:०० बजे र खोलुवा ऐ.मितिको १३:०० बजे राखिएको छ ।

९. रितपूर्वक दाखिला भएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । पूर्व निर्धारित मितिमा कारणबस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मिति देखि नै गरिनेछ ।

१०. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

११. बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा बोलपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ ।

१२. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१३. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

१४. डग राशन सामाग्रीहरु आपूर्ति गर्ने करार अवधि भित्र कुनै किसिमको मूल्य बृद्धि दिईने छैन ।

१५. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन -२०६३ र सार्वजनिक खरिद नियमावली -२०६४ बमोजिम हुनेछ ।

१७. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा वा बोलपत्र सम्बन्धी कागजात हेर्नु परेमा यस कार्यालयको सम्पर्क नं.०१-५२४९००५ मा सम्पर्क गर्न सकिने छ ।